**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

# संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपाल प्रतिनिधि इयान मार्टिनले दिनु भएको प्रेस वक्तव्य

२६ मई २००६

---

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले यसै हप्ता प्रधानमन्त्रीलाई रक्षामन्त्रीको हैसियतमा एवं प्रधानसेनापतिलाई नेपाल कम्युनिष्ट पार्टी (माओवादी)सँग सम्बन्ध भएको आशङ्कामा तत्कालीन शाही नेपाली सेना (हाल नेपाल सेना)द्वारा सन् २००३ मा पक्राउ गरिएका र काठमाडौंस्थित महाराजगञ्ज ब्यारेकमा राखिएका व्यक्तिहरूको पक्राउ, थुना, यातना र उनीहरूलाई निरन्तर बेपत्ता पार्ने कार्यसम्बन्धीको छानबिन प्रतिवेदन पेस गरेको छ ।

मई २००५ मा आफ्नो कार्यालय स्थापना भएलगत्तै उच्चायुक्तको कार्यालयले यी गम्भीर आरोपहरूसम्बन्धी छानबिन सुरु गऱ्यो । दर्जनौंको सङ्ख्यामा नातेदारहरूले कार्यालयमा उजुरी हालेपछि यसले आफ्नो अनुसन्धान सुरु गरेको हो । बेपत्ता पारिएकाहरूका परिवार, पूर्वथुनुवा र प्रत्यक्षदर्शी तथा अन्य सूचना उपलब्ध गराउने व्यक्तिहरूसँग उच्चायुक्तको कार्यालयले उनीहरूको थुना र यातनासम्बधी ५० भन्दा बढी अन्तरवार्ता लिएको छ ।

शाही नेपाली सेनाले सन् २००३ मा पक्राउ गरेका र विभिन्न समयमा महाराजगञ्ज ब्यारेकमा राखिएका सयौं व्यक्तिमध्ये अधिकांशलाई लामो समयसम्म चरम यातना र दुर्व्यवहार गरेर राखिएको थियो र यसमा भैरबनाथ गणले प्रमुख भूमिका खेलेको कुरा हाम्रो छानबिनले पाएको छ । कम्तीमा पनि ४९ जना, र हुनसक्छ योभन्दा ठूलो सङ्ख्या, अहिलेसम्म बेपत्ता नै भएको टुङ्गोमा छानबिन पुगेको छ ।

आन्तरिक सशस्त्र द्वन्द्वको अवस्थालगायत शङ्कास्पद विद्रोहीहरूलाई थुनामा राख्नेसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताका बाबजुद, शाही नेपाली सेनाले यी व्यक्तिलाई पक्रिएको कुरालाई निरन्तर अस्वीकार गरिरह्यो र थुनिएकाहरू बेपत्ता पारिए । जानकारी तथा स्पष्टीकरणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट भएका आह्वानहरूलाई बेवास्ता गरियो । थुनुवाहरूलाई निरीक्षण गर्न नसक्ने गरी लुकाइयो । थुनामाथिको न्यायिक नियन्त्रणको मौलिक प्रत्याभूतिलाई अस्वीकार गरियो । यी कुनै पनि थुनाको सम्बन्धमा उपलब्ध एकमात्र आधिकारिक दस्तावेज, बन्दीप्रत्यक्षीकरणको कारबाहीपछि केही थुनुवाहरूलाई अन्ततः नागरिक हिरासतमा स्थानान्तरण गर्दाको बखतमा मात्र तयार गरिएको थियो ।

प्रतिवेदनमा उल्लेख गरिएको थुनुवाहरूले भोग्नुपरेको यातना र जुन क्रुर, अमानवीय वा अपमानजनक अवस्थामा उनीहरूलाई थुनेर राखियो त्यसले तपाईहरूलाई एकदमै स्तब्ध पार्नेछ । ढाडको तल्लो भाग, खुट्टा र पैतालामा प्लाष्टिक पाइपले हिर्काउने, पानीमा डुबाउने र बिजुलीको करेन्ट लगाउनेलगायतका यातनाका विभिन्न विधिहरू ठूलो सङ्ख्याका थुनुवाहरूले खेप्नु परेको कुरालाई निर्क्योल गर्न उच्चायुक्तको कार्यालयले पर्याप्त सङ्ख्यामा घटनाहरूको अभिलेख राखेको छ । प्रायः सबै घटनामा महिलालगायतका यातनापीडितहरूलाई पहिला लुगा खोल्न बाध्य पारी उनीहरूमाथि निरन्तर गालीगलौजपूर्ण र अपमानजनक भाषा प्रयोग गरिन्थ्यो । यसका अतिरिक्त, पुरुष र महिला दुवै थुनुवाहरूलाई यौन अपमान हुने गरी यातना दिइन्थ्यो । थुनुवाहरूलाई बारम्बार मार्ने धम्की दिइन्थ्यो ।

उच्चायुक्तको कार्यालयले अन्तरवार्ता लिएका सबै प्रत्यक्षदर्शीले स्थायी रूपले आँखामा पट्टी र हातमा हत्कडी लगाएर १८ महिनासम्म क्रुर, अमानवीय वा अपमानजनक अवस्थामा थुनुवाहरूले बस्नु परेको कुरा बताउँछन् । समय बित्दै जाँदा यी सामान्य अवस्था "औपचारिक" यातना र मार्ने धम्कीभन्दा पनि खराब भएको कुरा केही पीडितहरूले बताए । यिनै अवस्थाले गर्दा वा यसैको कारण स्थिति झन गम्भीर भएकाले कम्तीमा पनि तीनजनाको मृत्यु भएको विश्वासिलो सूचना उच्चायुक्तको कार्यालयले प्राप्त गऱ्यो । पूर्वथुनुवाहरू यातना र दुर्व्यवहारको शारीरिक एवं मनोवैज्ञानिक परिणति अहिले पनि भोगिरहेका छन् ।

उल्लेखित अवधिमा भैरबनाथ गणले १३७ जनालाई पक्राउ गरी थुनामा राखेको अहिले स्वीकार गर्नुका साथै यी व्यक्तिलाई केही समयको थुनापछि रिहा गरेको वा सरुवा गरेको दाबी गरेको छ । तर, यो सूचीबाट कम्तीमा थप ४९ जना गायब छन् र उनीहरूलाई सन् २००३ को सेप्टेम्बर-डिसेम्बरमा भैरबनाथ गण वा युद्धभैरब गण, जुन दुवै शाही सेनाको १०औं बाहिनीका भाग हुन्, को हिरासतमा राखिएको कुरा उच्चायुक्तको कार्यालयलाई थाहा भएको छ । उनीहरू अहिले पनि

बेपत्ता छन् । यीमध्ये धेरैजसोलाई सन् २००३ डिसेम्बरको अन्तिम सातामा थुनास्थलबाट हटाइएको थियो र उनीहरूलाई फेरि कहिल्यै देखिएन । त्यसपछिका केरकारको समयमा अधिकृतहरूले यीमध्ये कुनै पनि पूर्वथुनुवाहरूसम्बन्धी प्रश्नहरू सोध्न बन्द गरे । उच्चायुक्तको कार्यालयले अन्तरवार्ता लिएका धेरैजसो पूर्वथुनुवाहरूको विश्वास छ कि यी थुनुवाहरूको हत्या भइसकेको छ ।

यी मानिसहरू अन्तिमपटक महाराजगञ्जको हिरासतमा देखिएका थिए भन्ने पीडित तथा प्रत्यक्षदर्शीहरूको एकै खालको, भरपर्दो तथा प्रमाणित साक्षी बयानको आधारमा शाही नेपाली सेनाले आफ्नो जिम्मेवारी पन्छाएकोमा उच्चायुक्तको कार्यालयले त्यसलाई अस्वीकार गर्दछ ।

सरकारलाई यो प्रतिवेदन पेस गर्दा, उच्चायुक्तको कार्यालयले बेपत्ता पारिएका भनिएका र १०औँ बाहिनीले थुनेर राखेका व्यक्तिहरूलाई पक्राउ, थुना, यातना र उनीहरूको स्थिति के छ भन्नेबारे भरपर्दो, दक्ष र पूर्ण रूपले स्वतन्त्र छानविन गरिनु पर्दछ भन्ने सिफारिस गरेको छ । यस्तो छानबिन नेपालमा द्वन्द्वको समयमा बेपत्ता भएका सबैको स्थिति पत्ता लगाउन र मानवअधिकारको यस्तो उल्लङ्घनका लागि शाही नेपाली सेनाका अन्य इकाईहरूको जिम्मेवारी ठम्याउनका निम्ति एउटा बृहत् अनुसन्धानको भाग हुनसक्छ ।

प्रत्यक्ष रूपले वा संलग्न इकाईहरूको कमान उत्तरदायित्वमार्फत् मुछिएकाहरूमाथि छानबिन नभइन्जेल उनीहरूलाई निलम्बन गर्नुपर्दछ, र संयुक्त राष्ट्रसङ्घको शान्तिस्थापना कारबाहीमा भाग लिन प्रस्तावित गरिनु हुँदैन् । छानबिनका निष्कर्षहरू सार्वजनिक गरिनुका साथै व्यापक रूपले तिनको प्रचार प्रसार हुनुपर्दछ । जुन व्यक्तिका विरुद्ध फौजदारी दायित्वका प्रमाणहरू छन् तिनलाई नागरिक अदालतसमक्ष न्यायको कठघरामा ल्याइनुपर्दछ ।

बेपत्ता पारिएकाबारे अनुसन्धान गर्न छिट्टै एक उच्चस्तरीय आयोग गठन गरिनेछ भन्ने गृहमन्त्री कृष्णप्रसाद सिटौलाद्वारा व्यक्त भइसकेको प्रतिवद्धताको म स्वागत गर्दछु । बेपत्ताहरूका बारे अनुसन्धान गर्न कार्यादेश प्राप्त छानबिन आयोगका लागि आवश्यक क्षमता, स्वतन्त्रता र निष्पक्षताबारे अन्तर्राष्ट्रिय रूपले स्थापित मापदन्डहरू एवं पीडित र आरोपित पीडक दुवैका मानवअधिकारसम्बन्धी ध्यानाकर्षण गर्दै मन्त्रीज्यूलाई पत्र लेखिसकेको छु ।

जनआन्दोलनताका शक्ति दुरुपयोग र मानवअधिकार हननसम्बन्धी अनुसन्धान गर्न उच्चस्तरीय छानविन आयोग स्थापनाको उच्चायुक्तको कार्यालयले स्वागत गरेको छ । उक्त उच्चस्तरीय आयोगको कार्यादेशभित्र रही उच्चायुक्तको कार्यालयले आफ्नै अनुगमन र अनुसन्धान कार्यमार्फत् सघाउन सक्ने सबै सहायता प्रदान गर्न यस साताको सुरुमा मैले न्यायाधीश कृष्णजंग रायामाझीलाई भेटेको थिएँ । बेपत्ता पारिएकाहरूबारे अनुसन्धान गर्न आयोग गठन भएपछि मानवअधिकार उच्चायुक्तको कार्यालयले महाराजगञ्ज ब्यारेकबाट बेपत्ता पारिएकाहरूबारे गरिरहेको अनुसन्धान र मुलुकभरबाट प्राप्त हुन आएका बेपत्तासम्बन्धी अन्य सबै घटनाबारे सूचना र सहायता उपलब्ध गराउने छ ।

नेपाले राज्य र गैरराज्यपक्षबाट अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकार उल्लङ्घनका निम्ति जवाफदेहीतासम्बन्धी ठूलो कार्यसूचीको सामाना गर्नुपरेको छ । यो सही हो कि यस कार्यसूचीको केही पक्षहरू – हालसालैका हत्या, बेपत्ता भएकाहरूको अवस्था र पीडितहरूका जरुरी आवश्यकता– लाई तत्परताका साथ संवोधन गर्नुपर्दछ । तर, दुई सिद्धान्तको पूर्ण सम्मान गर्नुपर्दछ- जघन्य मानवअधिकार उल्लंघनमा संलग्न भएकाहरूलाई न्यायिक कठघरामा उभ्याइनुपर्दछ, तर निष्पक्ष पुर्पक्षद्वारा दोषी प्रमाणित नभएसम्म प्रत्येक व्यक्ति निर्दोष हुन्छन् । कसैले पनि कानुनलाई आफ्नो हातमा लिनुहुँदैन । नेपालले विधिको शासनलाई सुदृढ गर्ने किसिमले विगतमा भएका उल्लङ्घनलाई संवोधन गर्नेछ भन्ने मैले आशा लिएको छु र उच्चायुक्तको कार्यालयले यो पीडादायी तर अत्यावश्यक प्रक्रियामा सहयोग प्रदान गर्नेछ ।